स्थानीय सरकार
घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल
फोन-फयाक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

मितिः २०८३/०६/१६
थारु संबत् २६४९

प.सं. २०८३/८४
च.नं. १६०९

विषयः बाढी प्रभावित क्षेत्रमा क्षति, बेपत्ता तथा मृतक व्यक्ति एवं व्यवसाय सम्बन्धी विवरण उपलब्ध गराउने सम्बन्धमा।

श्री वडा कार्यालय (सबै)
घोराही उपमहानगरपालिका, दाङ।

उपर्युक्त सम्बन्धमा राष्ट्रिय योजना आयोगको सूचनाअनुसार बाढी/विपद्जन्य घटनाबाट प्रभावित क्षेत्रमा घर, व्यवसाय तथा अन्य सम्पत्तिमा भएको क्षति, बेपत्ता तथा मृतक व्यक्ति एवं प्रभावित व्यवसाय/सम्पत्तिसम्बन्धी विवरण संकलन गरी Post Disaster Needs Assessment (PDNA) प्रयोजनका लागि उपलब्ध गराउनुपर्ने भएकोले सम्बन्धित सबैलाई जानकारी गराई दिनका लागि अनुरोध छ।
आफ्नो वडा/क्षेत्रमा प्रभावित भएका व्यक्ति, परिवार तथा व्यवसायीहरूलाई आवश्यक विवरण सम्बन्धित वडा कार्यालयको समन्वयमा संकलन गरी राष्ट्रिय योजना आयोगको पोर्टलमा प्रविष्टि/दर्ता गर्न सहजीकरण गरिदिनुहुन अनुरोध छ।
पोर्टलमा विवरण भर्ने लिंकः https://pdna.npc.gov.np/floating-signup
विवरण भर्ने क्रममा कुनै समस्या वा अन्योल भएमा सम्बन्धित कार्यक्रम अधिकृत/कर्मचारीसँग समन्वय गरी समयमै विवरण अद्यावधिक गर्नुहुन अनुरोध छ।
सम्बन्धित वडा अध्यक्ष तथा वडा सचिवज्यूहरूले आ—आफ्नो वडाका सम्भावित प्रभावित परिवार तथा व्यवसायीहरूलाई यस सम्बन्धमा जानकारी गराई विवरण संकलन तथा पोर्टलमा प्रविष्टिका लागि आवश्यक सहजीकरण गरिदिनुहुन अनुरोध छ।

२०८३/०६/१६

मदन कुमार बली
प्रमुख
वातावरण तथा विपद् व्यवस्थापन महाशाखा

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(विपद् व्यवस्थापन तथा सामाजिक समावेशीकरण शाखा)

सिंहदरबार, काठमाडौं
फोन : ९७७-०१-४२११६६६

पत्र संख्याः २०८३/८४
च.नं: ४६

मिति २०८३।०६।१४ गते
ने.सं. ११४६

घोराही उप-महानगरपालिका
दाङ
द.नं. ४४८८
मिति ०८३।६।१४

श्री स्थानीय तह, सबै (७५३)।

विपद
५।१४

**विषयः समन्वय तथा सहजीकरण सम्बन्धमा।**

राष्ट्रिय योजना आयोगको च.नं. २१३ मिति २०८३।०६।०८ गतेको पत्रसाथ प्राप्त रसुवागढी भोटेकोशीको बाढी प्रभावित क्षेत्रमा घाईते, बेपत्ता तथा मृतक व्यक्ति एवं सम्पत्ति/व्यवसाय सम्बन्धी विवरण उपलब्ध गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना सम्भावित प्रभावित परिवार तथा आफन्तजनलाई जानकारी गराउन आवश्यक सूचना सम्प्रेषण, समन्वय तथा सहजीकरणका लागि यसैसाथ संलग्न गरी पठाइएको बेहोरा आदेशानुसार अनुरोध छ।

२०८३।६।१४

नविन रेग्मी
(शाखा अधिकृत)

बोधार्थः
श्री राष्ट्रिय योजना आयोग,
सिंहदरबार, काठमाडौं।

प्रा.द. १०८५
६।१२


नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

फोन नं. ०१-४२११०३२
०१-४२११९३२
०१-४२११००४
ईमेल : npc@npc.gov.np
वेब : www.npc.gov.np

(प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा)


प.सं.: २०८३/८४
च.नं.: २९३

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: १८४१
६।१२
मिति:

२०८३/६/८

विषय:- समन्वय तथा सहजीकरण सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

उपरोक्त सम्बन्धमा संवत् २०८३ साल भदौ १० गते रसुवागढी भोटेकोशीको बाढी प्रभावित क्षेत्रमा घाईते, बेपत्ता तथा मृतक व्यक्ति एवं सम्पत्ति/व्यवसाय सम्बन्धी विवरण उपलब्ध गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना यसै साथ संलग्न छ। संलग्न सूचना स्थानीय तहहरुलाई संप्रेषण गरी समन्वय र सहजीकरण गरिदिनु आदेशानुसार अनुरोध छ।

.............................
(इन्द्र बहादुर क्षेत्री)
योजना अधिकृत

- [ ] कर्मचारी प्रशासन महाशाखा
- [ ] भूमि व्यवस्थापन महाशाखा
- [x] सङ्घीय मामिला महाशाखा
- [ ] योजना तथा अनुगमन महाशाखा
- [ ] प्रशासन सुधार महाशाखा
- [ ] कानून महाशाखा

६।१२

विपद् व्यवस्थापन तथा सामाजिक समावेशीकरण शाखा

६।१२

श्री उ.स. नविन जी

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्याः ०८३।८४

चलानी नं. २११

सिंहदरबार, काठमाडौं

## बाढी प्रभावित क्षेत्रमा घाईते, वेपत्ता तथा मृतक व्यक्ति एवं सम्पत्ति/व्यवसायसम्बन्धी विवरण उपलब्ध गराउने सम्बन्धी अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशन मितिः- २०८३/६/८)

सम्वत् २०८३ भदौ १० गते नेपाल-चीन सीमा क्षेत्र रसुवागढी तथा भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट भएको मानवीय, आर्थिक, सामाजिक, पूर्वाधारलगायतका क्षेत्रको हानी तथा नोक्सानीको विस्तृत मूल्याङ्कन गरी वित्तीय आवश्यकता अनुमान तथा पुनर्निर्माण योजनासहितको विपद्पछिको आवश्यकता मूल्याङ्कन (Post Disaster Needs Assessment, PDNA) प्रतिवेदन तयार गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८३ भदौ १२ गतेको निर्णयानुसार राष्ट्रिय योजना आयोगबाट आवश्यक कार्य अगाडि बढाइएको जानकारी गराउँछौं। सो सम्बन्धमा उल्लिखित विनासकारी बाढीको विपद्का क्रममा रसुवा-भोटेकोशी लगायतका प्रभावित क्षेत्रमा अक्सर बसोबास नभएका तर त्यहाँ काम गर्न गएका मजदुर, तिर्थ गएका तीर्थयात्री, पदयात्रामा गएका स्वदेशी/ विदेशी र तिनका पथ प्रर्दशक, आयात गरिएका सामान लिन गएका सवारीचालक/ सहयोगी/अन्य व्यक्तिहरु वा व्यापार व्यवसायको क्रममा तहाँ अस्थायी बसोबास गरीरहेका कयौं व्यक्तिहरू वेपत्ता हुनुका साथै केहीको दुःखद् निधन भएको सार्वजनिक भएको छ। तसर्थ प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका अतिरिक्त अन्य जिल्ला तथा स्थानबाट यात्रा, व्यवसाय वा अन्य प्रयोजनका लागि सो क्षेत्रमा पुगेका व्यक्तिहरू समेत यस विपद्बाट प्रभावित भएको अवस्था रहेको हुँदा विपद्बाट प्रभावित वेपत्ता तथा मृतक व्यक्तिहरूको यथार्थ विवरण, उनीहरूसँग सम्बन्धित व्यवसाय तथा प्रभावित सम्पत्तिको विवरण संकलन गरी क्षति तथा आवश्यकता पहिचान गर्न राष्ट्रिय योजना आयोगबाट छुट्टै अनलाइन पोर्टलमार्फत विवरण संकलनको व्यवस्था गरिएको हुँदा रसुवा-भोटेकोशी लगायत बाढी प्रभावित क्षेत्रमा घाईते वा वेपत्ता भएका वा मृत्यु भएका व्यक्तिहरू वा क्षति भएको व्यवसायिक वा व्यक्तिगत सम्पत्ती अन्य जिल्ला/स्थानका भएको हकमा सम्बन्धित परिवार, आफन्त वा कानुनी हकवालाले सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत वा वडा सचिव वा तोकिएको कर्मचारी मार्फत देहायको पोर्टलमा गई २०८३ असोज १५ गते भित्र यथासम्भव पूर्ण र यथार्थ विवरण उपलब्ध गराउनु हुनु अनुरोध छ। साथै, सम्बन्धित स्थानीय तहहरूले आफ्नो क्षेत्रका सम्भावित प्रभावित परिवार तथा आफन्तजनलाई यसबारे जानकारी गराई पोर्टलमा विवरण भर्न आवश्यक सूचना, सहजीकरण तथा समन्वय गरिदिनुहुन अनुरोध छ।

**देहाय**

**पोर्टलको लिंक: https://pdna.npc.gov.np/floating-signup**

**पोर्टलमा विवरण भर्ने सम्बन्धमा कुनै दुविधा भएमा निम्न नम्बरमा फोन गर्न सकिनेछ।**

१. कार्यक्रम निर्देशक श्री यदुनाथ आचार्य ९८४१५४८७६४
२. कम्प्युटर अधिकृत श्री डोल नारायण श्रेष्ठ ९८४१३५४७०३
३. योजना अधिकृत श्री डिंल्लीराम पौडेल ९८५१२४७६७१

राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं